## ५.१ वातावरण प्रभाव मूल्याङ्कन शाखा

- वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अध्ययन गरी स्वीकृति सम्बन्धी कार्य गर्ने,
- वातावणीय परीक्षण प्रतिवेदन सम्बन्धी कार्य गर्ने,
- विभिन्न सम्वेदनशील स्थानहरुमा वातावरणीय ह्रास कम गर्नको लागि आवश्यक औद्योगिक स्थानान्तरण योजना निर्माण गर्ने,
- स्वीकृत प्रतिवेदन अनुसार आयोजनाहरुको अनुगमन, मूल्याङ्कन गर्ने तथा शर्तहरुको पालना सुनिश्चित गर्ने सम्बन्धी कार्य गर्ने,
- प्राकृतिक स्रोतमा पर्ने असरहरुको मुल्याङ्कन गर्ने, गराउने वा सो सम्बन्धी प्राविधिक राय उपलब्ध गराउने,
- प्राकृतिक स्रोत तथा वन क्षेत्रमा पर्ने असरहरुको मूल्याङ्कन सम्बन्धी कार्य गर्ने, गराउने,
- राष्ट्रको समष्टिगत वातावरणीय स्थिति सम्बन्धी प्रतिवेदन तयार गर्ने, गराउने,
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा वातावरण विभागसंग समन्वय गर्ने,
- यस महाशाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ५.२ वातावरण मापदण्ड तथा अनुगमन शाखा

- वातावरण व्यवस्थापनको कार्यसम्पादनमा आवश्यक पर्ने औद्योगिक निष्काशनका नमूना सङ्कलन तथा परीक्षण सम्बन्धी आवश्यक कार्य गर्ने,
- वातावरणीय मापदण्ड विकासका लागि अन्य मुलुकहरुमा अवलम्बन भइसकेका मापदण्डहरुलाई देश भित्र लागू गर्नका लागि प्रारम्भिक अनुसन्धान गर्न सहयोग पुऱ्याउने,
- वातावरणीय मापदण्ड पालना गराउने सम्बन्धी आवश्यक कार्य गर्ने,
- प्रदेश तथा स्थानीय तहमा रहेका वातावरण संरक्षण प्राविधिकहरुलाई मापदण्ड, अनुगमन तथा प्रदुषण नियन्त्रण सम्बन्धमा आवश्यक तालिम संचालन गर्ने गराउने,
- वार्षिक मापदण्ड पालना सम्बन्धी तथ्याङ्कहरु संकलन गरी वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने,

- मापदण्ड पालनाका लागि शर्त तोक्ने तथा पालना सम्बन्धी समयावधि निर्धारण गर्न सहयोग पु¥याउने तथा स्वीकृतिका लागि पेश गर्ने,
- उद्योगहरुलाई सोझै वा स्थानीय निकायहरु मार्फत प्रदूषण नियन्त्रण प्रमाणपत्र जारी गर्ने गराउने कार्यमा सहयोग पु¥याउने,
- प्रदूषण नियन्त्रणका प्रविधि सम्बन्धी सूचनाहरु संकलन गरी उद्योगहरुलाई सूचनाहरु उपलब्ध गराउने सम्बन्धी कार्य गर्ने,
- विभिन्न सन्धि महासन्धि अभिसन्धि अनुसार रसायन, हानीकारक फोहर पदार्थ सम्बन्धी व्यवस्थापनको कार्य गर्ने गराउने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**५.३ आयोजना सहजीकरण शाखा**

- राष्ट्रिय गौरवका आयोजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन एवं स्वीकृति सम्बन्धी कार्य गर्ने र  यस सम्बन्धमा वातावरण विभागसंग समन्वय गर्ने,
- राष्ट्रिय गौरवका आयोजनाहरुको वातावणीय परीक्षण प्रतिवेदन सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय गौरवका आयोजनाहरु सम्वन्धी विभिन्न सम्बेदनशील स्थानहरुमा वातावरणीय ह्रास कम गर्नको लागि आवश्यक औद्योगिक स्थानान्तरण योजना निर्माण गर्ने,
- राष्ट्रिय गौरवका आयोजनाहरुको स्वीकृत प्रतिवेदन अनुसार आयोजनाहरुको अनुगमन, मूल्याङ्कन गर्ने तथा शर्तहरुको पालना सुनिश्चित गर्ने सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय गौरवका आयोजनाहरुको प्राकृतिक स्रोतमा पर्ने असरहरुको मूल्याङ्कन गर्ने, गराउने वा सो सम्बन्धी प्राविधिक राय उपलब्ध गराउने,
- राष्ट्रिय गौरवका आयोजनाहरुबाट प्राकृतिक स्रोत तथा वन क्षेत्रमा पर्ने असरहरुको मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय गौरवका आयोजनाहरुबाट सिर्जित राष्ट्रको समष्टिगत वातावरणीय स्थिति सम्बन्धी प्रतिवेदन तयार गर्ने,

- राष्ट्रिय गौरवका आयोजनाहरुबारे सम्बन्धित सरोकारवालाहरुसंग सम्पर्क तथा समन्वय गर्ने,
- बिषयले गर्दा हुने ढिला सुस्ति र समाधानका उपायहरु पहिचान गर्ने ।
- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ५.४ जैविक विविधता शाखा

- जैविक विविधतासंग सम्बन्धित नेपाल पक्ष राष्ट्र भएको जैविक विविधता महासन्धि, रामसार महासन्धि, साईटिस महासन्धि, UNESCO, GTF र SAWEN लगायतका अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्धि र महासन्धिको समन्वय र कार्यान्वयन सम्वन्धी कार्य गर्ने ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय मिटिङ्ग, सेमिनार तथा गोष्ठीहरु आयोजना गर्ने र आवस्यकतानुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिटिङ्ग, सेमिनार तथा गोष्ठीहरुमा प्रतिनिधित्व गर्ने।
- जैविक विविधता सम्बन्धमा छिमेकी राष्ट्रहरु तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग समन्वय गर्ने गराउने, आवस्यकतानुसार सम्पर्क व्यक्तिको कार्य गर्ने ।
- वन्यजन्तु र वनस्पतिसंग सम्बन्धि राष्ट्रिय र अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धान अनुमति प्रदान गर्ने सम्बन्धी कार्य गर्ने र महत्वपूर्ण तथा उच्च प्रविधिको प्रयोग गरी हुने अध्ययन अनुसन्धानमा समन्वय तथा Focal Point को रुपमा कार्य गरी प्रगती विवरण अध्यावधिक गर्ने ।
- नेपालमा भएका जैविक विविधताको अभिलेखीकरण र अध्यावधिक गर्ने कार्य गर्ने ।
- जैविक विविधता सम्वन्धी महासन्धि तथा अभिसन्धिहरुको राष्ट्रिय रणनीति तथा कार्ययोजना एवं राष्ट्रिय प्रतिवेदन तयारी गर्ने र पेश गर्ने ।
- जैविक विविधता सूचना व्यवस्थापन सम्वन्धी सूचना प्रविधिको विकास लगायत जैविक विविधतासंग सम्बन्धित सामग्रीहरुको उत्पादन, प्रकाशन र वितरण कार्य गर्ने ।
- जैविक विविधता संरक्षण विषयमा क्षमता अभिवृद्धिको लागि आयोजना परियोजनाहरुसंग समन्वय र सहकार्य गर्ने ।

- जैविक विविधता संरक्षणमा In-situ conservation को लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग, वन तथा भू–संरक्षण विभाग, वनस्पति विभाग, संरक्षित क्षेत्र कार्यालयहरु, प्रदेश वन मन्त्रलयहरु र प्रदेश वन निर्देशनालयहरुसंग आवस्यक समन्वय गर्ने ।

- जैविक विविधता संरक्षणमा परस्थानीय प्रजातिको संरक्षणको लागि वनस्पति उद्यान र प्राणी उद्यान लगायत हात्तीसार, चिडियाखाना व्यवस्थापन सम्बन्धी कार्यहरुमा समन्वय गर्ने ।

- पर्वतीय क्षेत्रमा पाईने उच्च मूल्यका वन वनस्पति सम्बन्धी नीति निर्माणमा समन्वय गर्ने ।

- पर्वतीय क्षेत्रमा फैलिएका खर्क व्यवस्थापन सम्बन्धी सूचना अद्यावधिक तथा अनुसन्धानमूलक कार्यमा समन्वय गर्ने ।

- नेपाल सरकारको राष्ट्रिय र अन्तराष्ट्रिय प्रतिवद्धताहरुलाई पहिचान गरी नीति रणनीतिहरु तय गर्ने ।

- जैविक विविधता दिवस, सिमसार दिवस, अन्तराष्ट्रिय पर्वतीय दिवस जस्ता कार्यक्रमहरु संचालनमा समन्वय गर्ने ।

- राष्ट्रिय वन क्षेत्र र संरक्षित क्षेत्रहरुमा संचालन गर्न प्रस्ताव गरिएका आयोजनाहरुले जैविक विविधतामा पार्ने असरहरुको वातावरणीय प्रभाव मुल्यांकनको चरणमा प्राविधिक राय सुझाव उपलब्ध गराउने ।

- केन्द्रीय स्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईसंग समन्वय गर्ने ।

- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

### ५.५ वन जैविक प्रविधि शाखा

- जैविक विविधता महासन्धि अन्र्तगतका अभिसन्धिहरु तथा संयन्त्रहरु , Trade Related Intellectual Property Rights (TRIPS), Traditional Knowledge on the Utilization of Biological Resources र WTO Forest Thematic Area, Bio-prospecting, DNA Bar Coding लगायतका प्रविधिसंग सम्बन्धित नीतिगत कार्य गर्ने,

- जैविक प्रविधि तथा राष्ट्रिय जैविक सुरक्षा सम्वन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून कार्यान्वयन गर्ने, जैविक प्रविधि विस्तारका लागि कार्यान्वयनमा सहयोग र समन्वय गर्ने,

- जैविक प्रविधि सम्वन्धी कार्यमा विश्वविद्यालय, अनुसन्धान केन्द्र, शैक्षिक प्रतिष्ठानहरु तथा सरकारी, गैर सरकारी निकायवीच समन्वय गर्ने,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय जैविक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान र क्षमता विकास सम्वन्धी कार्य गर्ने र जैविक प्रविधिसंग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय सभा, सेमिनार तथा गोष्ठीहरु आयोजना गर्ने,
- परम्परागत जैविक प्रविधि र ज्ञानको अभिलेखीकरण सम्बन्धी नीतिगत कार्य गर्ने,
- आर्थिक दृष्टिकोणले महत्वपूर्ण वनस्पतिक प्रजातिको प्रविधि विकास सम्बन्धि नीतिगत कार्य गर्ने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।